## सशस्त्र प्रहरी बल, नेपाल

**सशस्त्र प्रहरी नायव निरीक्षक/ सशस्त्र प्रहरी सहायक निरीक्षक (प्राविधिक) पदको खुला प्रतियोगितात्मक परीक्षाको**

**पाठ्यक्रम**

परीक्षा योजना (Examinatin Scheme) निम्नानुसार चरणमा हुनेछः

| चरण | विषय | कैफियत |
|---|---|---|
| प्रथम चरण | प्रारम्भिक शारीरिक परीक्षण | |
| द्वितीय चरण | शारीरिक सहिष्णुता | |
| तृतीय चरण | विस्तृत स्वास्थ्य परीक्षण | |
| चतुर्थ चरण | लिखित परीक्षा | सम्बन्धित पदको पाठ्यक्रममा उल्लेख भए अनुसार हुनेछ। |
| पाँचौ चरण | प्रयोगात्मक परीक्षा | |
| छैठौ चरण | विशेष स्वास्थ्य परीक्षण | |
| सातौ चरण | अन्तर्वार्ता | |

१. प्रथम चरण :- प्रारम्भिक शारीरिक परीक्षण

| विवरण | पुरुष | | महिला | |
|---|---|---|---|---|
| | उत्तीर्ण | अनुत्तीर्ण | उत्तीर्ण | अनुत्तीर्ण |
| उचाई | ६२ ईन्च वा सो भन्दा माथि | ६२ ईन्च भन्दा कम | ६० ईन्च वा सो भन्दा माथि | ६० ईन्च भन्दा कम |
| तौल | ५० के.जी. वा सो भन्दा माथि | ५० के.जी. भन्दा कम | ४२ के.जी. वा सो भन्दा माथि | ४२ के.जी. भन्दा कम |
| छाती | नफुलाउदा कम्तिमा ३१ ईन्च, फुलाउदा कन्तिमा ३३ ईन्च । कम्तिमा २ ईन्च फुलाउनु पर्ने । | नफुलाउदा कम्तिमा ३१ ईन्च भन्दा कम भएको । कम्तिमा २ ईन्च फुलाउन नसक्ने | नपर्ने | नपर्ने |
| | बियरिङ्गमा अनुत्तीर्ण हुने कारणहरु | | | |
| साधारण बियरिङ्ग | अंगभंग/हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरू ठिक नभएको, घुंडा (Knee) Lock भएको (Knock Knee: दुबै खुट्टा जोडेर उभिँदा गोलीगाँठो बीच १० से.मी. भन्दा धेरै ग्याप हुनु र Bow Leg: दुबै खुट्टा जोडेर उभिँदा घुँडा बीच ८ से.मी. भन्दा धेरै ग्याप भएको) अथवा Rickets भई फाटिएको, धेरै चेप्टो पैताला भएको, प्रष्ट बोली नभएको, वोल्न कठिनाई भएको, अस्वभाविक रुपमा उपड खापड दाँत वा दारा बाहिर निस्केको, एउटा बँगारा झरेको लिन सकिने तर अगाडीको दाँत झरेको वा धेरै ग्याप भएको वा किराले खाएको वा नक्कली दाँत भएको, २ वटा भन्दा बढी बंगारा किराले खाएको, ढाड नुहेको, शरीर पूरा झुकाउन नसक्ने, जिउकोल्टे परेको, दुवी भएको, एक तिहाई भन्दा बढी कपाल झरेको, फुलेको वा रंगाएको, उचाई अनुसार हुनुपर्ने तौल भन्दा बढी तौल भएको, आँखा छड्के भएको, Colour Blind भएको, शरीर मोटो तर हातखुट्टा झिनो देखिने, अनुहारमा १×१ से.मी. भन्दा ठुलो काटेको वा पोलेको वा अन्य कुनै किसिमको दागहरू भएको (शरीरको घाटी देखी माथि, हातको कुम देखी तलको भाग एवं खुट्टाको घुडा देखी तलको भागमा टयाटु मार्क हुनुको साथै शोभनिय नदेखिने), (शरीरमा २.५×२.५ से.मी. भन्दा ठुलो काटेको वा पोलेको वा अन्य कुनै किसिमको दागहरू भएको), नशाफुल्ने वा भेरिकोच भएको। | | | |

द्रष्टव्यः-

प्रथम चरणको प्रारम्भिक शारीरिक परीक्षणबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको शारीरिक सहिष्णुता परीक्षामा सम्मिलित गराइनेछ ।